# धन्यवाद

मार्टिन चौतारीले २०६४ सालमा *माओवादी विद्रोह : सशस्त्र सङ्घर्षको अवधि* पुस्तक प्रकाशित गरेको थियो । उक्त पुस्तक नेकपा (माओवादी) को दस वर्ष लामो सशस्त्र विद्रोहमा केन्द्रित स्रोत सँगालो थियो । त्यही पुस्तकमा हामीले माओवादी सङ्घर्षको शान्तिपूर्ण रूपान्तरणलाई अध्ययनको दायरा बनाएर अर्को स्रोत सँगालो निकाल्ने वाचा गरेका थियौँ । यो पुस्तक त्यही कबोल र माओवादी अध्ययन शृङ्खलाको दोस्रो कडी हो ।

माओवादीले १२ बुँदे सम्झौतामा हस्ताक्षर गरेर शान्तिपूर्ण राजनीतिमा हेलिएपछि सरकारमा सामेल नभएसम्मको समयावधिमा यो पुस्तक केन्द्रित छ । नेकपा (माओवादी) सरकारमा सामेल भइसकेपछि ऊ राज्यको एउटा महत्त्वपूर्ण हिस्सा भएकोले सो अध्ययन/विश्लेषण बेग्लै प्रकारले गरिनु पर्छ भन्ने हाम्रो विश्वास हो । त्यस अर्थमा माओवादीले शान्तिपूर्ण राजनीतिको बाटो अख्तियार गरेपछि सरकारमा सामेल नभएसम्मको अवधि नेपाली राजनीतिको अत्यन्त पृथक् एवं महत्त्वपूर्ण कालखण्डको रह्यो । यस अवधिमा नेपाली राजनीतिमा केही ऐतिहासिक परिवर्तनहरू भए । नेपाली राजनीति, राज्य र समाजको आगतको तस्वीर निर्माण गर्ने क्रममा केही 'स्ट्रोक' बनाउने काम पनि यही अवधिमा सम्पन्न भयो । माओवादीको लागि शान्तिपूर्ण राजनीतिमा प्रवेश कठिन मोड र विभिन्न आरोह अवरोहबीच एउटा प्रयोग थियो भने अन्य पक्षको लागि

यो आशंका एवं संशयको परिस्थिति थियो । केही उतार चढावबीच अघि बढेको सो समयको राजनीतिक परिवेशमा जे जस्ता मन्थन र चिन्तन भए त्यसलाई यस पुस्तकमा समेट्ने प्रयास भएको छ ।

पुस्तक तयारीको क्रममा विभिन्न पत्रपत्रिकामा छरिएका लेखहरू सङ्कलन गर्नुहुने तीर्थ विष्ट, प्रभाकर गौतम, बुद्ध श्रेष्ठ, रमिता महर्जन र निरु भुजेलप्रति हामी कृतज्ञ छौँ । चौतारीकै पुस्तकालयमा कार्यरत सहकर्मी कमलादेवी शर्मा र उपासना पण्डितबाट प्राप्त सहयोगप्रति अभारी छौँ । टाइप सेटिङमा सहयोग पुऱ्याउने तीर्थ विष्ट र अनिता दुलाललाई धन्यवाद छ । त्यस्तै शुद्धाशुद्धि हेर्नु हुने शेखर पराजुलीप्रति गुणग्राही छौँ ।

मार्टिन चौतारीका सहकर्मीहरूको प्रत्यक्ष/परोक्ष सहयोग बेगर यो प्रकाशन सम्भव थिएन । त्यसैले मार्टिन चौतारीका सम्पूर्ण सहकर्मीप्रति हामी अनुगृहित छौँ ।

यो पुस्तक नर्वेजीयन चर्च एड (Norwegian Church Aid) को आर्थिक सहयोगमा तयार भएको हो । नर्वेजीयन चर्च एडको सहयोग र उदारताप्रति तथा सो संस्थाको कार्यक्रम संयोजक सुजाथा वीजेतिलकेप्रति हामी आभारी छौँ ।